# UNITED MODI HYDROPOWER LTD.
Lower Modi-1 Hydropower Project (10 MW)
युनाईटेड मोदी हाइड्रोपावर लि.
तल्लो मोदी–१ जलविद्युत आयोजना (१० मे.वा.)
दर्ता नं ४५१८५/०६४/०६५


प.सं: ०७९/०८०/१००

मिति: २०७९/०९/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**विषय : स्वतन्त्र सञ्चालक नियुक्त गरिएको तथा बोनस शेयर र नगद लाभांश प्रस्ताव गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको मिति २०७९/०९/२९ गते कम्पनीको रजिष्टर्ड कार्यालयमा बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकले कम्पनी ऐन २०६३ को दफा ८६(३) बमोजिम कम्पनीको सञ्चालक समितिमा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्न आवश्यक भएकोले योग्य व्यक्ति छनौटका लागि तीन जना व्यक्तिहरुको नाम बैठकमा पेश भएकोमा जल विद्युत क्षेत्रमा कार्य अनुभवका आधारमा का. जि. का. म. न. पा. वडा नं. ४ बस्ने श्री अमित पाण्डेज्यूलाई आगामी बार्षिक साधारण सभाले अनुमोदन गर्ने गरी चार बर्ष कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालक नियुक्त गर्ने निर्णय गरेको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

साथै उक्त बैठकले यस कम्पनीको आ. ब. २०७८/७९ को वार्षिक साधारण सभामा उक्त सभाले निर्णय गर्ने गरी कम्पनीको शेयरधनीहरुलाई कम्पनीको आ. ब. २०७८/७९ को अन्त्य सम्मको संचित मुनाफाबाट कम्पनीको हालको चुक्ता पूँजी रु. १,१५,००,००,०००/- को ७ प्रतिशत बोनश शेयर (कर बाहेक) तथा ०.३६८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश प्रस्ताव गर्ने तथा बोनस शेयर तथा नगद लाभांशका सम्बन्धमा विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम श्री विद्युत नियमन आयोगबाट स्वीकृती लिए पश्चात आ. ब. २०७८/७९ को बार्षिक साधारण सभा बोलाउने र सो सम्बन्धमा आवश्यक निर्णय गर्ने निर्णय गरेको जानकारी गराउन चाहन्छौं ।

कम्पनी ऐन २०६३ बमोजिम २०७८/७९ को बार्षिक साधारण सभा २०७९ पौष मसान्त भित्र सम्पन्न गर्न असमर्थ भएको व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

सधन्यवाद,

.................
कैलाश पाण्डे
कम्पनी सचिव

*बोधार्थ :*
*१. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।*
*२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।*


**Central Office**
1st Floor, Heritage Plaza-II, Kamaladi
Kathmandu, Nepal
Tel: 01-4169114, Fax: 01-4169113
E-mail: unitedmodi@ntc.net.np
Website: www.umh.com.np

**Site Office**
Dovilla, Kushma-08, Parbat
Tel/Fax: 067-421163

# UNITED MODI HYDROPOWER LTD.

Lower Modi-1 Hydropower Project (10 MW)

# युनाईटेड मोदी हाइड्रोपावर लि.

तल्लो मोदी-१ जलविद्युत आयोजना (१० मे.वा.)

दर्ता नं ४९१८५/०६४/०६५


United Modi Hydropower Ltd. ★ Kathmandu, Nepal ★ UMH

प.सं: ०७९/०८०/१०१

मितिः २०७९/०९/२९

श्री विद्युत नियमन आयोग,
सानो गौचरण, काठमाण्डौं ।

**विषय : बोनस शेयर वितरण गर्न स्वीकृती सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको मिति २०७९/०९/२९ गते कम्पनीको रजिष्टर्ड कार्यालयमा बिहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकले यस कम्पनीको आ. ब. २०७८/७९ को वार्षिक साधारण सभामा उक्त सभाले निर्णय गर्ने गरी कम्पनीको शेयरधनीहरुलाई कम्पनीको आ. ब. २०७८/७९ को अन्त्य सम्मको संचित मुनाफाबाट कम्पनीको हालको चुक्ता पूंजी रु. १,१५,००,००,०००/- को ७ प्रतिशत बोनश शेयर (कर बाहेक) तथा ०.३६८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश प्रस्ताव गर्ने निर्णय गरेकाले आगामी बार्षिक साधारण सभाले निर्णय गरेपश्चात उल्लिखित बोनस शेयर वितरण गर्नका लागि विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम आवश्यक स्वीकृतीका लागि यो निवेदन पेश गरेका छौं ।

संलग्न कागजातहरु :

१. सञ्चालक समितिको बैठकको निर्णय उतार

२. कम्पनीका आ.ब. २०७८/७९ को वित्तिय विवरण तथा लेखा परिक्षकको प्रतिवेदन

सधन्यवाद,

Kailash

कैलाश पाण्डे
कम्पनी सचिव

*बोधार्थ :*

*१. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाण्डौ ।*

*२. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।*

*३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।*


**Central Office**
1st Floor, Heritage Plaza-II, Kamaladi
Kathmandu, Nepal
Tel: 01-4169114, Fax: 01-4169113
E-mail: unitedmodi@ntc.net.np
Website: www.umh.com.np

**Site Office**
Dovilla, Kushma-08, Parbat
Tel/Fax: 067-421163